# लिसंखु पाखर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

**मिति २०७७/११/०६ गते आठौं गाउँ सभाबाट पारित**
**प्रमाणित मिति: २०७७/११/०९**

**प्रस्तावना :** लिसंखु पाखर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लिसंखु पाखर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस ऐनको नाम "**लिसंखु पाखर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन (पहिलो संशोधन),२०७७**" रहेको छ।

२. **लिसंखु पाखर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ को दफा २५ मा संशोधन :** लिसंखु पाखर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ को दफा २५ उपदफा (१)को सट्टा देहायको दफा थपिएको छ।

"**२५क. शिक्षक तथा कर्मचारी छनौट समिति :**

१. सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दी र राहत अनुदानमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिको लागि छनौट तथा सिफारिस गर्न देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ।

   (क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
   (ख) गा.पा. अध्यक्षले तोकेको सम्बन्धित विषयको बिषेशज्ञ एक जना - सदस्य
   (ग) शिक्षा अधिकृत -सदस्य सचिव

२. शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धि आफ्नो कार्यविधि आफैँले निर्धारण गरे वमोजिम हुनेछ।

३. आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण तथा कार्यविधि जारी गरेको भए शिक्षक तथा कर्मचारी छनौट समितिले त्यस्तो मापदण्ड तथा कार्यविधिलाई आधार मानेर छनौट गर्न सक्नेछ।

४. समितिले कुनै विद्यालयको शिक्षक तथा कर्मचारी छनौट सम्वन्धि बैठकमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई आमन्त्रित गर्न सक्नेछ ।

**२५ख. शिक्षक कर्मचारी छनौट प्रक्रिया :**

१. विद्यालयमा शिक्षकको पद रिक्त भई पदपुर्ती प्रक्रिया बढाउँदा लामो समयसम्म शिक्षक रिक्त हुने र विद्यालयको पठनपाठन प्रभावित हुने गरेकोमा सो नहुनेगरि व्यवस्थापन गर्न देहाय बमोजिमको पदपुर्ती प्रक्रिया अगाडी बढाइने छ ।

**(क) आधारभुत तर्फ कक्षा (१ -५) को लागि :**

**(i)** शिक्षक तथा कर्मचारी छनौट समितिले गाउँ शिक्षा समिति र शिक्षा शाखाको समन्वयमा एक शैक्षिक सत्रको लागि बार्षिक रुपमा आवश्यक हुन सक्ने शिक्षकको संख्या अनुमान गरि शैक्षिक सत्रको सुरुमा नै अनुमानित शिक्षक संख्या निर्धारण गर्ने ।

**(ii)** संख्या निर्धारण भए पश्चात विज्ञापन गरि परिक्षा सञ्चालन गर्ने र सफल उम्मेदवारहरुको योग्यताक्रमानुसारको रोष्टर सुची बनाई राख्ने ।

**(iii)** विद्यालयहरुमा कक्षा १- ५ को शिक्षक रिक्त भई करारमा पदपुर्ती गर्न माग भई आए पश्चात उक्त रोष्टर सुचीको पहिलो योग्यताक्रमानुसार नियुक्तिको लागि सिफारिस गर्ने ।

**(ख) आधारभुत (६ -८) तथा माध्यमिक (९ -१२ ) सम्मको लागि :**

**(i)** कुनै विद्यालयबाट आधारभुत (६- ८) तथा माध्यमिक (९ -१२ ) सम्मको विषयगत शिक्षक नियुक्तिको माग भई आए पश्चात शिक्षक तथा कर्मचारी छनौट समितिले छिटो माध्यमबाट करार पदपुर्ती प्रक्रिया अगाडि बढाउने ।

२. छनोट समितिले शिक्षक छनौट गर्दा लिने परिक्षा आयोगद्वारा निर्धारित पाठ्यक्रम बमोजिम हुनेछ ।

**२५ग. करारमा शिक्षक तथा कर्मचारी नियुक्ति :**

१. कुनै सामुदायिक विद्यालयमा रहेको दरवन्दी रिक्त भई तत्कालको लागि करारमा शिक्षक वा कर्मचारी नियुक्ति गर्नुपरेमा सम्बन्धित विद्यालयले व्यवस्थापन समितिबाट निर्णय गरि छनौट एवम् नियुक्तिको लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२. दफा २५ख उपदफा १(क)(iii) बमोजिमको रोष्टरसूची निर्माण गर्न तथा दफा २५ख उपदफा १(ख) वमोजिमको शिक्षक नियुक्ति गर्नको लागि कम्तिमा पन्ध्र दिनको सार्वजनिक सुचना प्रकाशन गर्नुपर्नेछ ।

३. करार शिक्षक तथा कर्मचारी पदमा छनौट तथा सिफारिस भएको व्यक्तिलाई शिक्षक तथा कर्मचारी छनौट समितिले नियुक्तिको सिफारिस गरि सम्बन्धित विद्यालयमा नियुक्ति एवम् हाजिरीको लागि पठाउनेछ ।

४. करार शिक्षक तथा कर्मचारी पदमा नियुक्त व्यक्तिले ७ दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनुपर्नेछ ।

५. रोष्टर सूचीबाट नियुक्तिको लागि सिफारिस भएको शिक्षकले नियुक्ति नलिएमा वा नियुक्ति लिई विद्यालयमा हाजिर हुन नगएमा निजको नाम रोष्टर सूचीबाट हटाई आगामी दुई बर्षसम्म रोष्टर सूचीमा समावेश गरिने छैन ।

६. उपदफा (१) वमोजिम करार नियुक्तिको सिफारिस भई नियुक्त शिक्षक वा कर्मचारीको करार सम्झौतामा जेसुकै लेखिएको भएतापनि उक्त दरवन्दीमा जुनसुकै तरिकाबाट स्थायी पदपुर्ती भएमा उक्त करार म्याद स्वत समाप्त भएको मानिनेछ ।”

आज्ञाले,
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत